आ.व. २०८३/०८४

वैठक मितिः २०८३/०६/२७ वैठक संख्या.: ३

आश्विन महिनाको पहिलो कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १ नदीजन्य पदार्थको संक्षिप्त वातावरणीय परीक्षणको प्रारम्भिक प्रस्तुति सम्वन्धमाः- वातावरण संरक्षण ऐन,२०७६ को दफा ३ (ग) तथा नियमावली २०७७, को नियम ३ को अनुसूची (छ), संक्षिप्त वातावरणीय अध्ययन तथा नदिजन्य पदार्थ (संकलन र उपयोग) सम्वन्धमा व्यवस्था गर्न वनेको कार्यविधि, २०७७ अनुसार मिति २०८३/५/३१ गतेको कार्यपालिका बैठकको निर्णय नं. ४ वमोजिम स्वीकृत कार्यसूची (TOR) र कार्यालयको कायदिश प्राप्त गरेको परामर्शदातावाट नदीजन्य पदार्थको संक्षिप्त वातावरणीय परीक्षण सम्वन्धि प्रारम्भिक प्रस्तुति ग्रहण गरि कार्यापालिका वैठकवाट प्राप्त सुझाव तथा सम्वन्धित स्थलहरूमा सार्वजनिक सुनुवाई समेत गरि अन्तिम प्रतिवेदन पेश गर्न लगाउने।

निर्णय नं. २ कृषि रूपान्तरण कार्यक्रमको गत आ.व. २०८२/०८३ को समीक्षा तथा चालु आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम छलफल सम्वन्धमाः- गाउँपालिकाको गौरवको योजना "शिवपुरी कृषि रुपान्तरण परियोजना सञ्चालनका लागि गाउँपालिका र HEIFER Project Nepal वीच भएको सम्झौता वमोजिम हाल सम्मको उपलव्धिको प्रगति समीक्षा ग्रहण गरि चालु आ.व. २०८३/०८४ मा उक्त परियोजना सञ्चालनको लागि गाउँसभावाट रू.१,००,००,०००(अक्षरेपी एक करोड) वजेट विनियोजन भएकोमा हाललाई उक्त संस्था मार्फत ५०,००,०००।- (पचास लाख रुपैयाँ) मात्रको कायदिश प्रदान गर्ने र वाँकी रू ५०,००,०००।- (पचास लाख रुपैयाँ) आगामी कार्यपालिका वैठकवाट निर्णय भए वमोजिम हुने गरि कार्यादिश प्रदान गर्न कार्यालयलाई निर्देशन प्रदान गर्ने।

निर्णय नं. ३ **प्रधानमन्त्री राहत कोषमा जनप्रतिनिधि र कर्मचारीहरुबाट पारिश्रमिक कट्टी गरि उपलब्ध गराउने सम्बन्धमाः-** रसुवा-नुवाकोट जिल्लामा गएको वाढीको कारण सृजित विपदको घटनामा राहत, उद्धार तथा पूनःनिर्माणको लागि सहयोग गर्न जनप्रतिनिधिको हकमा कार्यपालिका सदस्यहरुको मासिक सुविधाको रकमवाट रू ५००० (अक्षरेपी पाँच हजार मात्र) र वडा सदस्यहरूको मासिक सुविधाको रकमवाट

स्थानीय सरकार शिवपुरी गाउँपालिका गोरखनर, नुवाकोट वागमती प्रदेश, नेपाल

सुदिप सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

रू २५०० (अक्षरेपी दुई हजार पाचँ सय मात्र) र कर्मचारी तथा शिक्षकहरूको हकमा नेपाल सरकार (सचिवस्तर) मिति २०८३/५/११ गतेको निर्णय बमोजिम नै पारिश्रमिकको रकमबाट कट्टी गरि प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्ने।

निर्णय नं.४ विविध

(क) बजार अनुगमन सम्बन्धमा:- खाद्यपदार्थको मूल्य, गुणस्तरका विषयमा नागरिकहरूबाट कार्यालयलाई गुनासो प्राप्त भएकोले यस गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसायको दर्ता नविकरण खाद्यपदार्थको मूल्य, गुणस्तर लगायतका विषयमा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७६ बमोजिम कार्यालयलाई बजार अनुगमन गर्न निर्देशन दिने।

स्थानीय सरकार
शिवपुरी गाउँपालिका
गोरखनर, सुर्खेत, नेपाल

रुदिप सापकोटा
प्रमुख प्रशासकीय अधिकृत